......महा/उपमहा/नगरपालिका

कार्य विवरण

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

## सुचना तथा परामर्शकर्ताको कार्य विवरण (आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता)

## कार्य विवरण

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय कमलादी, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

| | |
|---|---|
| **पद** | सुचना तथा परामर्शकर्ता (आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता) |
| **कार्य क्षेत्र** | आप्रवासी स्रोत केन्द्र |
| **सुपरिवेक्षक** | जिल्ला कार्यक्रम संयोजक वा शाखा प्रमुख |
| **प्रतिवेदन पेश गर्नुपर्ने** | सुपरिवेक्षक र आवश्यकता अनुसार प्रमुख जिल्ला अधिकारी , प्राविधिक सहयोग संस्थाका सम्बन्धित कर्मचारीहरु, सम्बन्धित प्रदेश कार्यक्रम संयोजक र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |

**कार्य उद्देश्य**

आप्रवासी स्रोत केन्द्र/आप्रवासी स्रोत उपकेन्द्र (सहायता कक्ष) मा रहि वैदशिक रोजगारीसंग सम्बन्धित व्यक्ति तथा तिनका परिवारलाई सही सूचना तथा परामर्श दिनुका साथै रहि वैदशिक रोजगारीसंग सम्बन्धि ठगी, उद्दार, राहात लगायतका आवश्यक सेवाको लागि सहयोग तथा सहजिकरण गर्ने। सुचना तथा परामर्शकर्ताले सम्बन्धित स्थानीय तह, प्राविधिक सहयोग गर्ने संस्थाको निकट समन्वय, सहकार्य तथा प्रत्यक्ष सम्पर्कमा रहि देहाय अनुसारको जिम्मेवारी बहन गर्नुपर्नेछ :

**कार्य विवरणहरु**

- आप्रवासी स्रोत केन्द्र / उपकेन्द्र (सहायता कक्ष) मा रहि सेवाग्राहीलाई वैदेशिक रोजगारी सम्बन्धमा प्रोत्साहित वा निरुत्साहित नगरी तथ्यपरक सूचना तथा परामर्श प्रदान गरि स्वःनिर्णय गर्नमा मद्दत गर्ने।
- कन्सुलर सेवा विभाग तथा वैदेशिक रोजगार बोर्डमा रहेका राहत तथा उद्धार अधिकृत र राष्ट्रिय आप्रवासी स्रोत केन्द्रसंग नियमित समन्वय र सहकार्य गर्ने।
- आप्रवासी स्रोत केन्द्र / उपकेन्द्रमा प्राप्त भएका उद्दार, राहत, स्वास्थ्य उपचारको लागि सहयोग लगायतका निवेदनलाई अविलम्ब सम्बन्धित निकायमा प्रेषित गर्ने, तीनको प्रगती अबस्थाबारे निवेदनलाई जानकारी दिने र मासिक रूपमा यस्ता कार्यमा भएको प्रगती र समस्याबारे जिल्ला कार्यक्रम संयोजक समक्ष प्रतिवेदन पेश गर्ने,
- वैदेशिक रोजगारीको क्रममा विदेशमा हराएका, अलपत्र तथा अफ्ठ्यारोमा परेका श्रमिकको खोजी तथा उद्दार र स्वदेश अथवा विदेशमा ठगी था समस्यामा परेका व्यक्ति तथा तिनका परिवारलाई समस्या समाधानको लागि सम्बन्धित निकायहरुसंग आवश्यक समन्वय गरी सहयोग तथा सहजिकरण गर्ने।
- आप्रवासी स्रोत केन्द्र / उपकेन्द्र (सहायता कक्ष) बाट प्रवाह हुने सेवामा गुणस्तरियता, एकरुपता चुस्तता र यथार्थता कायम गर्ने।



CS CamScanner

- आप्रवासी स्रोत केन्द्रमा आउने सूचना प्रवाह सम्वन्धित सेवाग्राहीको विवरण संकलन गर्ने र प्राप्त विवरण सहित सम्पादित कामको विवरण व्यवस्थापन सूचना प्रणाली (SaMi MIS)मा नियमित रुपमा प्रविष्ट गर्ने ।
- आप्रवासी स्रोत केन्द्रमा प्राप्त सवै उजुरीहरुको दस्तावेजिकरण गर्ने तथा फलोअप समयमा गरि प्रतिवेदन तयार गर्ने र समय समयमा उजुरीको अवस्था र समाधानको प्रगति बारे प्रमुख जिल्ला अधिकारी लगायत मुद्दा शाखाका आधिकारिक कर्मचारीलाई जानकारी गराउने ।
- आप्रवासी स्रोत केन्द्रमा सेवाग्राहीहरुको अनिवार्य सेवा लिएको सुनिश्चितताको लागि नियमित रुपमा प्रमुख जिल्ला अधिकारी वा सम्बन्धित तोकिएको व्यक्तिसँग नियमित भेट, छलफल तथा समन्वय र आवश्यक प्रगती विवरण पेश गर्ने।
- आप्रवासी स्रोत केन्द्रमा आवश्यक पर्ने सूचना सामग्री स्थानीय तहमा समेत प्रकाशन तथा व्यवस्थापनको लागि सम्बन्धित निकायसंग निरन्तर गर्ने ।
- स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरमा उपलब्ध सीप विकास तालिम बारे जानकारी संकलन गरी स्रोत केन्द्रमा अध्यावधिक राखी र सोहि अनुसार सूचना जानकारी प्रदान गर्ने ।
- जिल्लाका सबै स्थानीय तह मा रहेका रोजगार सेवा केन्द्रहरुसँग समन्वय तथा सहकार्य गर्ने ।
- जिल्ला बाहिरका सेवाग्राहीलाई समेत अन्तर जिल्ला समन्वयमार्फत सहयोग तथा सहजिकरण गर्ने ।
- रिटर्नि स्वयंसेवकलाइ बैदेशिक रोजगारी ठगी, राहत, उद्दार, स्वास्थ्य उपचार सहयोगका सबाल तथा गुणस्तरिय सूचना प्रबाहको लागि सहयोग तथा उत्प्रेरित गर्ने र अध्यावधिक जानकारी पुगेको सुनिश्चित गर्ने ।
- आप्रवासी श्रोत केन्द्रमा आउने सेवाग्राही मध्य फोन फलोअप गर्नुपर्ने सेवाग्राहीहरुलाइ कार्यक्रमले निर्दिष्ट गरे बमोजजिम फोन फलोअप गरी समयमै तथ्यांक SaMi MIS मा प्रविष्टि गर्ने र आवश्यकता अनुसार अध्यावधिक गर्ने ।
- आप्रवासी श्रोत केन्द्रमा आउने सेवाग्राही मध्ये न्यायमा पहुँचका सेवाग्राहीहरुसंग सम्वन्धित तथ्यांकहरु SaMi MIS मा समयमा प्रविष्टि तथा प्रगतिका आधारमा नियमित रुपमा अद्यावधिक गर्ने ।
- घटना अध्ययन/सफलताको कथा लेखन गर्ने ।
- सुरक्षित वैदेशिक रोजगारी तथा स्रोत केन्द्रको सेवाबारे प्रचार प्रसारको लागि आवश्यक पहल गर्ने ।
- प्रदेशको श्रम तथा रोजगार कार्यक्षेत्र भएको मन्त्रालयलाई समय, समयमा प्रगती तथा अवस्थाबारे जानकारी गराउने र मन्त्रालयबाट हुने अनुगमन कार्यमा सहयोग तथा समन्वय गर्ने ।
- कार्यक्रमको लक्ष्य र उद्देश्य हाँसिल गर्नको लागि जिल्ला कार्यक्रम संयोजकलाइ सहयोग गर्ने ।

**योग्यता र अनुभव :** न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्तिमा तीन वर्षको कार्य अनुभव भएको साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयको शैक्षिक योग्यता भएकालाई विशेष प्राथमिकता दिईनेछ।



CamScanner